CHINTAN-DHARA: A Multidisciplinary Peer-Reviewed Journal
VOL-17, pp 115-122, March, 2023
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v17i01.53270
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

# विद्यालय शिक्षामा आर्थिक व्यवस्थापन

*रमेश प्रसाद लुइटेल*[1]
*Email: rlutel36@mgmail.com*

## सार

*प्रस्तुत लेख 'विद्यालय शिक्षामा आर्थिक व्यवस्थापन' भन्ने शीर्षकमा तयार पारिएको छ । यसको मुख्य उद्देश्य विद्यालय शिक्षाको आर्थिक अवस्था पहिचान गरी देखिएका समस्या विश्लेषण गर्दै समाधानका उपायहरुको खोजी गर्नु रहेको छ । यो लेख गुणात्मक ढाँचामा आधारित भई तयार पारिएको छ । तथ्याङ्कहरु धेरै जसो प्राथमिक स्रोतबाट नै लिई विश्लेषण गरिएको छ । जसमा सरोकारवालासँग छलफल, अन्तर्वार्ता, प्रश्नोत्तर, प्रश्नावलीको माध्यमबाट सूचना लिइएको छ । नमूना छनौट गोला प्रथा तथा स्वभाविक प्रक्रियाबाट गरिएको छ । सामाजिक संस्था सञ्चालनमा मुख्य समस्यामूलक पर्छ, आर्थिक पक्ष हो । राज्य वा सरोकारवाला निकायबाट सबै खर्चको व्यवस्थापन नहुनु समुदाय सचेत नहुनु स्रोत जुटाउन सहयोग गर्नुको सट्टा हिसाब मात्र खोज्नु, पर्याप्त आर्थिक स्रोत भएको अवस्थामा प्र.अ.ले. वि.व्य.स., अभिभावकलाई सोध्दै नसोधी खर्च गर्नुले विद्यालयको आर्थिक सञ्चालन परिचालनमा संकट देखा पर्नु पनि अर्को समस्याकै विषय भएको प्रष्ट हुन्छ । आर्थिक संकट चरम बन्दै जाँदा विद्यालय सञ्चालनमा कठिनाई उत्पन्न हुनु स्तरीय शिक्षा प्रदान गर्न नसक्नु स्वभाविक प्रक्रिया हो । त्यसैले विद्यालयमा उपलब्ध स्रोत साधनलाई सही हिसाबले अत्याधिक परिचालन गर्नुपर्छ र शैक्षिक, गुणस्तर अभिवृद्धि गर्न प्रयास गर्नुपर्ट । संकट पर्दा सरोकारवाला पक्ष वि.व्य.स., शि.अ.सं., अभिभावक सँगसँगै बसी संकट मोचनका उपायको खोजी गर्नुपर्छ । पर्याप्त आर्थिक स्रोत उपलब्ध भएको अवस्थामा भएको हिसाबलाई, बचत रकमलाई पारदर्शी हिसाबले लेखा परीक्षण समेत गराई सबै सरोकारवालालाई प्रष्ट रुपमा समय-समयमा जानकारी गराउँदै खर्च गर्नुपर्ने क्षेत्रमा खर्च गरी विद्यालयको शैक्षिक गुणस्तरको अभिवृद्धि गर्नुपर्छ भन्ने यसको मुख्य आसय हो । नेपालको सन्दर्भमा विभिन्न प्रकारका विविधता (भौगोलिक, सामाजिक) का कारणले सबै विद्यालयमा त्यस्तो हुन नसकेको अवस्था पनि विद्यमान छ ।*

***मुख्य शब्दावली:*** *आधारभ स्तम्भ, मानव संशाधन, निसर्त आय, मौलिक हक*

## परिचय

आर्थिक पक्ष सबै कुराको आधार हो । सबल अर्थव्यवस्था भएको राष्ट्रमा हरेक पक्षका विकास गुणात्मक हिसाबले हुन्छ । शिक्षा समाज विकासको आधार स्तम्भ हो । शिक्षा प्रणालीसँग राष्ट्रको भविष्य पनि जोडिएको हुन्छ । राष्ट्रिय विकासका लागि हरेक क्षेत्रमा आवश्यक पर्ने मानव संशाधनको विकास देशको स्तरीय शिक्षा प्रणालीबाट मात्र सम्भव हुन्छ । त्यसैले शिक्षा प्रणालीले समयको आवश्यकतालाई बुझ्नुपर्छ (ढुङ्गाना, २०७९) । ज्ञानको विष्फोटन भइरहेको वर्तमान समयमा पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षण विधि, परीक्षा प्रणाली, मूल्याङ्कन पद्धतिमा परिवर्तन गर्दै जानुपर्छ । समयको मागलाई शिक्षा प्रणालीले सम्बोधन गर्न सक्नुपर्छ जसको लागि सबल अर्थ व्यवस्थाको आवश्यकता राज्यले शिक्षा क्षेत्रमा प्रशस्त लगानी गर्न सक्नुपर्छ । समाज, समुदाय, व्यक्तिले पनि शिक्षालाई पहिलो प्राथमिकतामा राखी खर्च गर्नुपर्छ र मात्र शिक्षा व्यवस्थामा आमुल परिवर्तन हुन्छ । विशेष गरी

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा शिक्षा योजना तथा व्यवस्थापन विषयको उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

शिक्षामा सरकारी, गैरसरकारी, वैदेशिक सहयोगबाट स्रोत सङ्कलन हुन्छ भने वर्तमान समयमा विद्यालय शिक्षामा सरकारी क्षेत्र अन्तर्गत केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आर्थिक सहयोग प्राप्त हुन्छ । त्यसै गरी गैर सरकारी क्षेत्र अन्तर्गत घरपरिवार, व्यक्ति, विद्यार्थी, विभिन्न संघसंस्था चन्दादाताबाट पनि रकम प्राप्त हुन्छ ।

वैदेशिक सहयोग अर्न्तगत विभिन्न मुलुक तथा दातृनिकाय आदिबाट प्राप्त हुने सहयोगलाई लिन सकिन्छ । यी र यस्तै क्षेत्रकाट वित्तीय साधन तथा स्रोतहरु सङ्कलन भई विद्यालय शिक्षाका विभिन्न पक्षहरुमा स्रोत बाँडफाँड गरी सञ्चालन हुँदै आएको छ । यसैगरी शिक्षामा स्वयम् विद्यार्थी र अभिभावकको ठूलो लगानी भएको पाइन्छ । एउटा प्रत्यक्ष लगानी विद्यार्थीले शुल्कको रुपमा बुझाउँछन भने अर्को अप्रत्यक्ष लगानी आफ्ना बालबच्चाका लागि पाठ्यपुस्तक, स्टेशनरी, विद्यालय पोशाक आदि अभिभावकले गर्छन् । त्यसैगरी राज्यले विद्यालयमा आवश्यक पर्ने सारा भौतिक व्यवस्थापन, खाजा खर्च मानव संशाधन व्यवस्थापन र पारिश्रमिक व्यवस्थापन राज्यले गर्छ (श्रेष्ठ र साथीहरु, २०७७) ।

विद्यालय शिक्षामा सुधार ल्याउने विभिन्न प्रकारका स्रोतहरु छन् । जसमा सरकारी स्रोत अर्न्तगत प्रत्यक्ष स्रोत र अप्रत्यक्ष स्रोतहरु पर्दछन् । खासगरी सरकारले विद्यालय शिक्षामा सामान्य आय, सामान्य कर, भन्सार, शुल्क, निसर्त आय, निसर्त कर, ऋण, चिठ्ठा, अनिवार्य श्रम जस्ता पक्षबाट खर्च व्यवस्थापन गर्ने पहल गर्छ भने विदेशी दाताहरुले अनुदान रकम ऋण स्वरुप विद्यालय शिक्षाको विकासको लागि आर्थिक व्यवस्थापन गरी दिन्छन् । गैर सरकारी संस्थाले, दानदातव्य, ऋण रकम, शैक्षिक शुल्कहरु विद्यालयलाई उपलब्ध गराउँछन् (उही) ।

वर्तमान समयमा कतिपय विद्यालयहरुले आर्थिक पक्षको उचित व्यवस्थापन गर्न नसक्दा त्यहाँको शैक्षिक, भौतिक, सामाजिक पक्ष जटिल भई त्यसको असर विद्यालयको गुणस्तरमा पनि पर्दै गएको अवस्था छ । यसका लागि विद्यालयका प्रधानाध्यापकसँग प्रशासनिक, सुपरीवेक्षण, व्यवस्थापनका अतिरिक्त विद्यालयमा वित्तीय प्रशासन खरिद व्यवस्थापन स्रोत सङ्कलन, स्रोत परिचालन, प्राथमिकताको आधारमा खर्चको बाँडफाँड गरी समग्र विद्यालयको व्यवस्थापकीय पक्षको विकास गर्ने क्षमता पनि हुनुपर्छ । साथै समय-समयमा खर्चको पारदर्शिताका लागि विद्यालयमा लेखा परिक्षण गराई आय-व्ययको प्रतिवेदन सार्वजनिक समेत गर्नुपर्छ । विद्यालयको आर्थिक हैसियत हेरी भोली मितव्ययी हिसाबले रकम खर्च गर्ने, केही रकम ठूलो भैपरी आएमा त्यसलाई समाधान गर्न बचत समेत गरेर राख्नुपर्छ ।

यसरी आर्थिक कारोबारलाई नियमित, मितव्ययी, प्रभावकारी, पारदर्शी, जवाफदेही र औचित्यपूर्ण बनाई प्रचलित लेखाप्रणाली अनुसार सरलीकृत बनाइ, एकरुपता कायम गर्ने समयमा नै आर्थिक प्रतिवेदन तयार गर्न तथा लेखा परीक्षण कार्यका लागि आवश्यक विवरण तथा कागजपत्र चुस्तदुरुस्त राख्ने कार्यमा सहजीकरण शिक्षा विभागले विद्यालय लेखाङ्कन दिग्दर्शन २०७४ समेत तयार गरी सञ्चालनमा छ (खनाल, २०७६) ।

यद्यपी आर्थिक स्रोत सङ्कलन, प्राथमिकताको आधारमा विभाजन, कामको प्रगति मूल्याङ्कन, आर्थिक खर्चको पारदर्शी योजना बनाउनु सामान्य काम होइन यसका लागि विशेष सीप र तालिमको आवश्यकता पर्छ ।

विद्यालयको आर्थिक स्रोत सबल भएर मात्र पुग्दैन । त्यसको प्रभावकारी व्यवस्थापन पनि गर्न सक्नुपर्छ । सामुदायिक विद्यालयको वर्तमान अवस्था के कस्तो छ ? आर्थिक स्रोत के के हुन् ? आवश्यकता अनुसार आर्थिक स्रोतले धान्छ, धान्दैन ? नधान्ने अवस्थामा स्रोतको खोजी कसरी गर्ने ? भन्ने विषयमा चर्चा गरी सोको निष्कर्ष निकाल्नुपर्छ (डाँगी, २०६७) ।

विद्यालयमा अनेकौं समस्याहरु हुन्छन् । तिनको समाधान आर्थिक पक्षको उपलब्धताले मात्र हुन्छ । त्यसैले आर्थिक व्यवस्थापनका लागि प्र.अ.ले. विशेष भूमिका निर्वाह गरी स्रोत सङ्कलन र परिचालन गर्नुपर्छ । आर्थिक पक्ष जटिल विषय हो । स्रोत जुटाउन, व्यवस्थापन गर्न, परिचालन गर्न त्यति सजिलो छैन । फेरी आर्थिक हर हिसाब पारदर्शी हुनुपर्छ । अन्यथा एकातर्फ संस्थामा वित्तीय संकट देखापर्छ भने अर्कोतर्फ प्रधानाध्यापकको विश्वासनियता माथि शंका उत्पन्न हुन्छ र विद्यालयमा द्वन्द उत्पन्न हुनसक्छ । त्यसैले उपलब्ध रकमलाई परिचालन गरी लेखा परीक्षण गराई जहिल्यै पनि दुरुस्त राख्नुपर्छ (सिन्हा, २०६७) ।

संस्थामा आर्थिक व्यवस्थापन गर्न विभिन्न उपाय पनि अवलम्बन गर्नुपर्छ (सर्वप्रथम खर्चको प्राथमिकता निर्धारण गर्नुपर्छ) प्राथमिकताको आधारमा प्र.अ.ले. विद्यालय व्यवस्थापन समितिसँगको परामर्शपछि गर्ने कामको बारेमा वर्णन गरी निर्णय समेत गराएर मात्र काम गर्नुपर्छ । बिचबिचमा कामको प्रगति कस्तो छ । काम गर्दा के कस्ता अवरोध सृजना भएका छन् सोको बारेमा बताइ आवश्यक निर्णय लिइरहनुपर्छ (कोइराला, २०६९) ।

शिक्षा प्रदान गर्ने मुख्य दायित्व राज्यको हो । नेपालको संविधान २०७२ ले पनि शिक्षालाई मौलिक हकको रुपमा स्थापना गरेको छ । शिक्षालाई सबै नागरिकको पहुँचमा पुऱ्याउने अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था राज्यले गरी शिक्षाको मुलधारबाट कसैलाई बञ्चित गराउन नहुने जसको लागि आवश्यक पर्ने सबै व्यवस्था राज्यले नै गर्नुपर्ने भनेकाले अब विद्यालय शिक्षामा व्यापक लगानी राज्यले गर्ने भन्ने आसय बुझिन्छ (पौडेल, २०६४) ।

राष्ट्रसंघले पनि शिक्षालाई व्यक्तिको मानव अधिकारको रुपमा लिएको छ । शिक्षा पाउनु सबैको अधिकार हो । त्यसैले कुनै नागरिकलाई शिक्षा पाउनबाट बञ्चित गराउनु हुँदैन भन्ने कुरा उल्लेख छ भने सन् १९९० को थाइल्याण्डमा भएको जोम्टिन सम्मेलनले पनि सबैको लागि शिक्षाको अवधारणामा जोड दिएकाले त्यसका लागि विद्यालयमा आवश्यक पर्ने सबै भौतिक आर्थिक खर्च राज्यले व्यहोर्नु पर्छ भन्ने आसयले पनि आर्थिक व्यवस्थापन सहज हुन्छ कि भन्ने मान्यता छ (भट्टराई र साथीहरु, २०७९)।

**अध्ययनका उद्देश्यहरु**

यो अध्ययन उद्देश्यहरु निम्न रहेका छन् ।

i. विद्यालय शिक्षाको आर्थिक व्यवस्थापनका वर्तमान अवस्थाको खोजी गर्नु,
ii. विद्यालयको आर्थिक व्यवस्थापनका मुख्य पक्षहरुको विश्लेषण गर्नु,
iii. विद्यालयको आर्थिक व्यवस्थापन देखिएका समस्या समाधानका उपायहरु सुझाउनु ।

**अध्ययनको परिसीमा**

यो अध्ययन सामुदायिक विद्यालयमा केन्द्रित रहेको छ । जसमा मुलतः धनकुटा जिल्लामा भएका ७ पालिका मध्ये पाखीबास न.पा. मा रहेका ५ वटा माध्यमिक विद्यालय मध्ये गोला प्रथाबाट १ वटा छनौट गरी त्यसै विद्यालयको आर्थिक व्यवस्थापन, आम्दानी विवरण, खर्चको पद्धति, उपलब्धिको विश्लेषण गरिएको छ ।

## विधि तथा सामग्री

यो अध्ययन सम्पन्न गर्न मुख्यतः गरी धेरै जसो तथ्याङ्क प्राथमिक स्रोतबाट लिइएको छ । अध्ययनको क्षेत्रमा अध्ययनकर्ता आफैं गई सरोकारवाला व्यक्ति, प्र.अ., शिक्षक, अभिभावकसँग छलफल, अन्तरक्रिया, अर्न्तवार्ता प्रश्नावली भराई आवश्यक तथ्याङ्क पर्याप्त मात्रामा लिइएको छ भने द्वितीय स्रोत अर्न्तगत विद्यालयका आर्थिक अभिलेख, वार्षिक आय, व्ययको प्रतिवेदन विभिन्न दस्तावेजहरुको अवलोकन, आर्थिक आय र व्ययका विभिन्न विवरण, फाँटबारी जस्ता पक्षको समेत अवलोकन गरियो भने खर्च गर्ने पद्धतिका बारेमा प्रचलित नियम र भएका अभ्यासहरुको समेत अध्ययन गरी सम्बन्धित विद्यालयबाट एक वर्षभरीको आय र व्ययको विवरणको अध्ययन गरी नाफा बजेट, घाटा बजेट जस्ता पक्षको प्राप्त तथ्याङ्क हेरी गुणात्मक हिसाबले व्याख्या वर्णन गरी निष्कर्षमा पुगिएको छ भने सामान्यतः आर्थिक स्रोत सङ्कलनको लागि विद्यालयले गरेका प्रयास प्र.अ.लाई परेका कठिनाइका बारेमा व्यापक छलफल गरी सुझाव लिने दिने काम गरियो ।

यो लेख गुणात्मक विधिको माध्यमबाट लेखिएकाले नमूना छनौट गर्दा सम्बन्धित विद्यालयको प्र.अ. एक जना, वि.व्य.स.का अध्यक्ष एक जना स्वभाविक रुपले छानिनु भएको छ भने १५ जना शिक्षकमध्ये गोला प्रथाबाट ५ जना तथा ८ जना विद्यार्थी र तीनका अभिभावकलाई पनि सोहि माध्यमबाट छनौट गरी अर्न्तवार्ता, छलफल, प्रश्नावली, अवलोकन जस्ता विधिका आधारमा छलफल गरी तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

यो अध्ययन विद्यालय शिक्षामा आर्थिक व्यवस्थापन भन्ने शीर्षकमा तयार पारिएको छ। आर्थिक पक्ष गम्भिर विषय हो। आर्थिक अवस्था कमजोर भए विद्यालयको शैक्षिक स्तर, भौतिक स्तरमा प्रत्यक्ष प्रभाव पर्छ जसको असर विद्यालय सञ्चालनमा पर्छ। आर्थिक अवस्था कमजोर भएका विद्यालयमा शैक्षिक सामग्रीको अभाव हुन्छ। शिक्षक र विद्यार्थीलाई अतिरिक्त सेवा सुविधा उपलब्ध गराउन सकिँदैन। जसको असर पठनपाठनमा पनि पर्न सक्छ। त्यसैले विद्यालयमा आर्थिक व्यवस्थापनको पक्षलाई जटिल पक्षको रुपमा लिनुपर्छ।

विभिन्न विद्यालयको भ्रमण तथा अध्ययनले पनि त्यही कुरा देखिएको छ। अर्थतन्त्र सबल हुँदा शैक्षिक संस्थामा भौतिक पक्षको प्रभावकारी व्यवस्थापन गर्न सकिन्छ। अध्ययनमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. का अध्यक्षसँगको अर्न्तवार्ताबाट पनि पत्ता लगाइयो। यसमा प्र.अ.सँग गरिएको कुराकानी यसप्रकार छ।

### विद्यालय शिक्षाको आर्थिक व्यवस्थापनको अवस्था

आर्थिक व्यवस्थापन जटिल पक्ष हो। विद्यालयमा सञ्चालन हुने हरेक गतिविधि आर्थिक पक्षमा नै निर्भर रहन्छ। स्रोत साधनको अभावमा विद्यालय सञ्चालन गर्न कठिन हुन्छ भने शैक्षिक गुणस्तर पनि क्रमश: कमजोर हुँदै जान्छ। अध्ययनको क्रममा विद्यालयमा पाइएका आर्थिक पक्ष निम्न छन्।

#### *प्र.अ. लाई तालिमको व्यवस्था*

आर्थिक कारोबार गम्भिर र जटिल विषय हो। जसका लागि प्राविधिक ज्ञान, लेखा प्रणालीको व्यवस्थापन सम्बन्धी विषयमा तालिमको आवश्यकता पर्छ। विद्यालयको वित्तिय प्रशासन एवम् खरिद व्यवस्थापन, आय-व्यय, भौचर प्रणाली जस्ता विषयमा पुरा तालिम दिइ दक्ष बनाउनु पर्छ अन्यथा विद्यालयमा उपलब्ध स्रोत साधनलाई समेत उचित परिचालन गर्न सकिदैन फलस्वरुप विद्यालय आफै आर्थिक रुपले सङ्कटमा पर्न जान्छ। अध्ययनको क्रममा नमुना छनौटमा परेको विद्यालयका प्र.अ., लेखा सम्बन्धी काम गर्ने व्यक्तिलाई कुनै तालिम नदिएकाले हिसाब किताबलाई पारदर्शी बनाउन नसकिएको कुरा पत्ता लाग्यो भने आर्थिक व्यवस्थापनका विषयमा तालिम प्र.अ.लाई तालिमको व्यवस्था भए विद्यालयको वार्षिक लेखा परीक्षण तथा सामाजिक लेखा परीक्षण जस्ता विषयमा समेत प्र.अ.लाई सहज हुने कुरा प्र.अ.सँग भएको छलफको क्रममा पत्ता लाग्यो।

#### *व्यवस्थापन समितिका अध्यक्षलाई तालिम*

वर्तमान समयमा विद्यालय सञ्चालनमा वि.व्य.स. लाई पनि बढी जिम्मेवार बनाउँदै लगिएको छ। विद्यालय समुदाय बिचको सम्बन्ध सुधार, पाठ्यक्रमको कार्यन्वयन, पठनपाठनको अनुगमन, शिक्षक व्यवस्थापन, शिक्षक-विद्यार्थी आचार संहिताको निर्माण र त्यसको कार्यन्वयन जस्ता विषयमा वि.व्य.स.को पनि ठूलो भूमिका रहन्छ। यसका साथै अब लेखा प्रणाली, त्यसको व्यवस्थापन, आय-व्ययलाई दुरुस्त र पारदर्शी हिसाबले राख्ने विषयमा वि.व्य.स.का अध्यक्षलाई तालिमको व्यवस्था भए एका तर्फ प्र.अ. लाई पनि लेखा व्यवस्थापनमा सहयोग पुग्छ भने आर्थिक रुपले व्यवस्थापनमा वि.व्य.स. अध्यक्षलाई जानकारी हुँदा विद्यालयमा भएको आम्दानी र खर्चको विषयमा धेरै अन्तर द्वन्द हुन पाउदैन र विद्यालय प्रभावकारी रुपले सञ्चालन हुन्छ।

#### *विद्यालयको आम्दानी र खर्चको लागि प्रयोग हुने फारामहरुको अवस्था*

विद्यालयको आम्दानी एवम् खर्चलाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्न के-कस्ता फारामहरुको प्रयोग गरिएको छ भनी लिइएको जानकारी अनुसार निम्नानुसार पाइयो :

| क्र.सं. | आम्दानी फारामहरु | प्रयोगको अवस्था | खर्च फारामहरु | प्रयोगको अवस्था |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | नगदी रसिद | प्रयोग भएको | गोश्वरा भौचर | प्रयोग भएको |
| २. | गोश्वरा भौचर | प्रयोग भएको | खर्च खाता | प्रयोग भएको |
| ३. | आम्दानी खाता | प्रयोग भएको | नगद बैंक खाता | प्रयोग भएको |
| ४. | शुल्क दर्ता किताब | प्रयोग भएको | पेश्की खाता | प्रयोग भएको |
| ५. | - | - | धरौटी खाता | प्रयोग भएको |

स्रोत : विद्यालयको अभिलेख अध्ययन

यो तालिकाको अध्ययनबाट विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि विद्यालयको आर्थिक व्यवस्थापन नियमहरुलाई व्यवस्थित रुपले प्रयोग गरेको पाइयो ।

**विद्यालय शिक्षाका आर्थिक व्यवस्थापनका मुख्य पक्षहरु**

विद्यालयमा आम्दानीमा धेरै क्षेत्र वा स्रोतहरु हुन्छन् । विद्यालयको अवस्थिति अनुसार चल, अचल सम्पत्ति कम वा बढी पनि हुन सक्छन् । कुनै विद्यालयको लक्षित क्षेत्र सानो भवन तथा भौतिक सुविधा कमजोर हुन्छ भने कुनै विद्यालयको लक्षित स्रोत ठूलो तथा भवन, खेलमैदान, शौचालय, खानेपानी जस्ता पक्ष पर्याप्त हुन्छ । शिक्षक पनि विषय अनुसार व्यवस्थापन गर्न सकिन्छ । यद्यपी विद्यालयको आर्थिक व्यवस्थापनका मुख्य पक्षहरु निम्न छन् ।

***विद्यालयको प्रशासन तथा खरिद व्यवस्थापन तालिम***

नमुना छनौटमा परेको धनकुटा जिल्लाको पाख्रीबास नगरपालिका अर्न्तगत पर्ने श्री भारती माध्यमिक विद्यालय चुङ्माङको आर्थिक व्यवस्थापनको पाटो विश्लेषण गरियो । यस अर्न्तगत प्र.अ. र वि.व्य.स.का अध्यक्षसँग छलफल गर्दा प्र.अ.ले आर्थिक व्यवस्थापन, लेखा प्रणाली, आम्दानी खर्चका फारामहरुको प्रयोग, नगदी रसिदको व्यवस्थापन, बैंकमा रहेको नगदी खाता धरौटी खाताको परिचालन जस्ता विषयमा आफूलाई पर्याप्त जानकारी र तालिम भए मात्र विद्यालयको आर्थिक व्यवस्थापनलाई सहज ढङ्गले परिचालन गर्न सकिने अन्यथा आम्दानी खर्चलाई व्यवस्थित रुपले राख्न जटिल हुने कुरा बताउनुभयो ।

वि.व्य.स.का अध्यक्षले आफूलाई लेखा प्रणाली, आम्दानी खर्चको विवरण, त्यसलाई व्यवस्थित ढङ्गले राखी अध्ययन गर्न जटिल भएको कुरा बताउनु भयो फलस्वरुप प्र.अ.ले भने अनुसार नै चल्नुपर्ने हुँदा आफ्नो विद्यालयको आर्थिक व्यवस्थापनको सम्पूर्ण पक्ष थाहा नहुँदा सो सम्बन्धमा आफूलाई आधारभूत तालिम, जानकारी अभिमुखीकरणको आवश्यकता पर्ने कुराको जानकारी दिनुभयो ।

***विद्यालयको आम्दानी र खर्चका लागि प्रयोग हुने फारामहरुको सहज उपलब्धता र प्रयोग***

प्रविधिको बढ्दो प्रयोगले गर्दा आज हरेक अभिलेखलाई व्यवस्थित गरी कम्प्युटरको माध्यमबाट फारामहरुको प्रयोग गर्ने, आम्दानी र खर्चलाई कम्प्युटरमा नै व्यवस्थित गरेर राख्ने, चाहेको बेला जो सुकैलाई देखाउन सक्ने, निकालेर प्रयोग र परिचालन गर्न सकिने हुनुपर्छ । व्यवस्थित रुपले अभिलेखलाई राख्न नसके वा पुरानै हिसाबले हातले लेखेर रजिष्टरमा राख्ने अवस्था भए रजिष्टर हराए, च्यातिए सारा आय-व्ययको विवरण नै हराइ अस्तव्यस्त हुन जान्छ । यस्तो अवस्थामा विद्यालयको लेखा हेर्ने कर्मचारीलाई छुट्टै ढङ्गले विशेष प्रकारको तालिमको अनिवार्य व्यवस्था गर्ने र प्र.अ. तथा लेखा कर्मचारीलाई आम्दानी र खर्चको अभिलेखलाई दुरुस्त राख्ने विषयमा समन्वय हुनुपर्ने अन्यथा समस्या सृजना हुने देखिन्छ ।

***विद्यालयको आर्थिक प्रशासन सम्बन्धी तालिम***

आर्थिक व्यवस्थापन, आम्दानीका स्रोतको पहिचान, त्यसको परिचालनका लागि प्र.अ. र लेखा कर्मचारीलाई प्रशस्त मात्रामा बारम्बार तालिमको आवश्यता पर्छ । आर्थिक पक्षको विषयमा व्यापक जानकारी नभएको व्यक्तिले लेखा प्रणाली, हिसाब किताब, श्रेस्ता, नगद कारोबार, खरिद कारोबार जस्ता विषयमा सुक्ष्म कुराको समेत जानकारी

हुनु आवश्यक छ । यस्तो विषयमा सम्बन्धित सरोकार निकायले पनि आवश्यक चासोका साथ प्रधानाध्यापकहरुलाई लेखा प्रणाली र वित्तिय व्यवस्थापनका सम्बन्धमा विशेषज्ञ वा लेखा परीक्षकहरुद्वारा तालिम उपलब्ध गराउनुपर्छ, भने प्र.अ. आफैले पनि लेखा व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ व्यक्तिबाट राय, सल्लाह, परामर्श सेवा लिई आफ्नो दक्षता बढाउनुपर्छ । नमुना छनौटमा परेको विद्यालय गई प्र.अ. सँग छलफल गर्दा त्यस्तो सेवा आफूले कहिबाट नपाएको र आफूले नै पहल गरेर पनि लिन नसकेको हुँदा सो विषयमा समस्या परेको कुरा बताउनु भयो ।

***लेखा परीक्षण सम्बन्धमा***

विद्यालयमा भएको वार्षिक आम्दानी खर्चको विवरण प्रत्येक आर्थिक वर्षको अन्त्यमा सूचिकृत लेखा परीक्षकबाट लेखा परीक्षण गराई दुरुस्त राख्नुपर्ने हुन्छ । अर्का तर्फ विद्यालयको वर्ष भरीको आम्दानी र खर्चको विवरण विद्यालयको वार्षिक अभिभावक भेलामा सामाजिक लेखापरीक्षण गराई अनुमोदन गराउनु पर्छ । विद्यालय प्र.अ. मा सो विषयमा आवश्यक जानकारी नहुँदा समय-समयमा नगद रकमान्तर गर्न हिसाब मिलान गर्न, घाटा बजेटको पूर्ति गर्न कठिन भएको कुरा प्रश्नावली मार्फत जानकारी दिनुभयो । त्यसैले आर्थिक व्यवस्थापन जटिल भएको, कहिले-कहिले यसले बढी तनाब दिने गरेको अभिभावकलाई बुझाउन नसकिएको कुरा पनि प्रश्नावली मार्फत जानकारी भयो ।

**विद्यालय शिक्षामा आर्थिक व्यवस्थापनका सम्बन्धमा देखिएका समस्या समाधानका उपायहरु**

आर्थिक व्यवस्थापन जटिल र प्राविधिक कार्य भएकाले यसमा देखिएका समस्या निराकरण गर्न पनि त्यति सहज छैन तर पनि आर्थिक पक्ष नै विद्यालयमा द्वन्दको विषय कहिले काही हुन जान्छ यसलाई निराकरण गर्न निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ ।

***आर्थिक व्यवस्थापनका सम्बन्धमा तालिम प्रदान गरेर***

जटिल र प्राविधिक पक्षमा सामान्य सैद्धान्तिक ज्ञानले मात्र समस्या समाधान हुन सक्दैन । यसका लागि विशेष छुट्टै प्रकारको तालिम कै आवश्यकता पर्छ । तालिम पनि लेखापाललाई दिएर हुँदैन प्र.अ. लेखापाल दुबैलाई तालिम दिनुपर्छ । नमुना छनौटमा परेको सामुदायिक विद्यालयका प्र.अ. र लेखापाललाई समेत कुनै तालिम नै नदिइएको पाइयो र उहाँहरुले पनि नयाँ कुरा सिक्ने र जान्ने अवसर तालिम भएको र तालिमले मात्र आर्थिक पारदर्शिता, व्यवस्थापन, चुस्तदुरुस्त पार्न सकिने भएकाले प्र.अ. र लेखा सम्बन्धी काम गर्ने दुबै जनालाई तालिम दिए विद्यालयको लेखा व्यवस्थापन प्रभावकारी हुने देखिन्छ ।

***सामग्री खरिद व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाएर***

विद्यालय सञ्चालनका लागि विभिन्न प्रकारका सामग्रीको आवश्यकता पर्छ । विभिन्न विषयहरु शिक्षण गर्न विषयगत शैक्षिक सामग्रीको पर्याप्त आवश्यक पर्छ भने वर्तमान समयमा शिक्षण सिकाइ कार्यलाई थप प्रभावकारी, रोचक बनाउन आधुनिक र महङ्गो प्रकारका शैक्षिक सामग्रीको आवश्यक पर्छ । यस्तो अवस्थामा सामग्री खरिद, व्यवस्थापन त्यसको अभिलेखिकरणमा समस्या सृजना हुन्छ । सामग्रीलाई भण्डारण गर्नुपर्छ, जसका लागि पनि चाहिने वा तत्काल प्रयोग गरिरहनुपर्ने, काम नलाग्ने, नयाँ वा भर्खर खरिद गरेर ल्याएका तथा सामान्य रुपले बिग्रिएका तर मर्मत गरेर काम चलाउन सकिने गरी छुट्याएर राख्नुपर्छ । यस्तो गर्न भर्खर खरिद गरेर ल्याएका सामग्रीको बिल भौचर दुरुस्त राख्नुपर्छ भने विग्रिएर काम नलाग्ने भएका सामग्रीको अभिलेख राखी वार्षिक लेखा परीक्षण गराउँदा खरिद मूल्यबाट घटाउनुपर्छ । मर्मत गरेर चलाउनु पर्ने सामग्रीमा त्यसको मर्मत मूल्य कति पर्छ सो पनि हिसाब गरी सामग्री मर्मत गरेवापतको रकमको बिल छुट्याएर राखी हिसाब दुरुस्त राख्न पनि तालिम र पूर्व जानकारीको आवश्यक पर्ने भएकाले त्यस्ता प्रक्रियालाई व्यवस्थित बनाउनु पर्छ ।

***दक्ष जनशक्ति व्यवस्थापन गरेर***

लेखा प्रणालीलाई व्यवस्थित गर्न प्र.अ.लाई मात्र कठिन हुन्छ । यसका लागि लेखा सम्बन्धी काम गर्ने दक्ष जनशक्ति कै आवश्यक पर्छ । लेखा प्रणाली सम्बन्धी विषयमा विशेष जानकारी प्राप्त व्यक्तिले मात्र प्र.अ.लाई

विद्यालयको आर्थिक अभिलेखका विविध विषयमा सल्लाह प्रदान गर्न सक्ने भएकाले न्यूनतम पनि लेखा सम्बन्धी विषयमा जानकारी भएको, लेखा विषय लिइ पढेको अनुभवी, दक्ष व्यक्तिबाट लेखापालमा नियुक्ति गर्नुपर्छ ।

***विज्ञहरुसँग सल्लाह र सुझाव लिएर***

सबै विषयम, सधैं भरी तालिम नै दिनु, लिनु पनि सम्भव हुँदैन र सरोकारवाला माथिल्लो निकायले पनि बारम्बार तालिम दिन असम्भव हुनसक्छ। यस्तो अवस्थामा प्र.अ. स्वयम्ले नै आर्थिक विषयका जानकार व्यक्तिहरुसँग बारम्बार सल्लाह, सुझाव लिई विद्यालयको आर्थिक व्यवस्थापन लेखा प्रणालीलाई व्यवस्थित बनाउनुपर्छ ।

***सल्लाहकारको व्यवस्था गरेर***

आर्थिक व्यवस्थापनको पाटो जटिल भएकाले प्र.अ.ले निश्चित विषयमा आफूलाई समस्या परेको बेला उपयुक्त र सकारात्मक सल्लाह प्रदान गर्न सक्ने व्यक्तिलाई सल्लाहकारको रुपमा नियुक्ति गरी प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्नुपर्छ ।

***पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरेर***

लेखा प्रणालीमा दक्ष, विज्ञ व्यक्तिलाई नै लेखा प्रशासनको जिम्मा दिनुपर्छ। कच्चा र अनुभवहिन व्यक्तिलाई लेखा प्रणालीको विषयमा जिम्मा दिनु हुँदैन । अनुभवी र दक्ष व्यक्तिबाट लेखा प्रणालीको व्यवस्थापन गर्न लगाउँदा उनीहरुले गरेको कामको कदर गरी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरे उनीहरु काम प्रति अझ उत्प्रेरित भई प्रभावकारी रुपले कार्य सम्पादन गर्छन ।

## निष्कर्ष

विद्यालयमा आर्थिक व्यवस्थापनको पक्ष गम्भिर हो । विद्यालय सामाजिक संस्था भएकाले यसको लागि चाहिने सबै खर्च राज्यले उपलब्ध नगराउने विद्यालयमा खर्च गर्नुपर्ने क्षेत्र धेरै हुँदा सामान्य आर्थिक अवस्था हुँदा विद्यालय सञ्चालन गर्न कठिन पर्दो रहेछ। राज्यले विद्यालय तहसम्मको शिक्षा पुरै निशुल्क गर्ने भने पछि आर्थिक अवस्था कठिन गर्दा अभिभावकसँग सहयोग स्वरुप रकम माग्दा पनि नदिने प्रचलन बढी हुँदा सानातिना दैनिक वा मासिक समस्या समाधान गर्न जटिल भएको अवस्था भेटिन्छ । स्तरीय शिक्षा उपलब्ध गराउने एक मुख्य आधार स्तरम्भ आर्थिक पक्ष भएकाले आर्थिक अवस्थाको कमजोरीले शैक्षिक अवस्था तहस नहस भएको भेटिन्छ । शिक्षण सिकाइका लागि आवश्यक पर्ने नविनतम सामग्रीको अभावले शिक्षण सिकाइ प्रभावकारी बन्न नसकेको अवस्था भेटियो भने आर्थिक व्यवस्थापन गर्ने सबै काम प्र.अ. को हो भने वि.व्य.स. आफ्नो जिम्मेवारीबाट पन्छिने शिक्षकले आफ्नो काम पढाउने हो बाँकी सबै काम प्र.अ. को हो भनी आफूले सो सम्बन्धमा प्र.अ. लाई खासै सहयोग नगर्ने, अभिभावक चाहि जहिले पनि हिसाब किताब खोज्ने कठिन पर्दा सहयोग नगर्नाले सामुदायिक विद्यालयमा आर्थिक समस्या जटिल नै भएको अवस्था छ भने पर्याप्त मात्रामा स्रोत साधन भएको अवस्थामा अन्य सरोकारवालाहरुसँग छलफल नगरी एकलौटी हिसाबले विद्यालय सञ्चालन गर्दा समुदाय र विद्यालयबीचको दुरी बढ्दै जाने अर्को मुख्य पक्षको रुपमा भेटियो ।

## सन्दर्भ सामग्री


ढुङ्गाना, जीवन (२०७९) *शिक्षा र विकास,* पिनाकल पब्लिकेशन प्रा.लि. ।

श्रेष्ठ, चन्द्र बहादुर र साथीहरु (२०७७), *शिक्षाको वित्तियशास्त्र,* भुँडीपुराण प्रकाशन ।

खनाल, दिपक (२०७६), *सामुदायिक विद्यालयको वित्तिय प्रशासन,* विकासको निम्ति शिक्षा ।

डाँगी, डम्बर जंग (२०६७), *सार्वजनिक नीति विश्लेषण,* धौवलागिरी बुक्स एण्ड स्टेशनरी ।

सिन्हा, रामस्वरुप (२०६७), *शैक्षिक परिदृश्य,* सोपान मासिक ।

कोइराला, विद्यानाथ (२०६९), *शिक्षामा वैकल्पिक चिन्तन,* सामाजिक अनुसन्धान सामग्री विकासका लागि प्राज्ञिक मञ्च ।

पौडेल, गिरीराज (२०६४), *सामाजिक न्याय शिक्षा,* जुपिटर पब्लिकेशन प्रा.लि. ।

भट्टराई होमनाथ र साथीहरु (२०७९), *शिक्षा तथा विकास,* जुपिटर पब्लिकेशन प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्र बहादुर (२०६९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* विद्यार्थी पुस्तक भण्डार ।


☸